# आकाशवाणी समाचार- नेपाली
## मितिः २० अप्रेल २०२५
## समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- अमेरिकाका उपराष्ट्रपतिजे.डी.वेन्स भोली चार दिने भारत भ्रमणमा नयाँ दिल्ली आइपुग्नु हुनेछ।
- प्रधानमंत्री नरेन्द्र मोदीले भोली नयाँ दिल्लीमा 17औं लोक सेवा दिवसमा लोकसेवकहरूलाई संबोधन र प्रधानमंत्री पुरस्कार प्रदान गर्नु हुनेछ।
- वित्तमंत्री निर्मला सितारामण भोली देखि अमेरिका तथा पेरूको भ्रमणमा जानु हुनेछ।
- पश्चिमबंगालका राज्यपाल डा.सी.बी.आनन्द बोसले मुर्शीदाबाद जिल्लामा क्रूर र जघन्य हमालहरू भएको कुरा मुख्यमंत्री ममता बनर्जी समक्ष उठाउने तथा केन्द्रलाई विस्तृत रिपोर्ट पठाउने भन्नु भएकोछ।
- रोममा हिजो सम्पन्न अमेरिका-ईरान दोस्रो परमाणु वार्ता सकारात्मक रहेको दुवै देशले बताएका छन्।
- आईपीएल क्रिकेटमा हिजो जयपुरमा खेलिएको म्याचमा लखनउले राजस्थानलाई 2 रनले पराजित गरेको छ।

**अमरीकी उप राष्ट्रपति - यात्रा**

अमरीकाको उप-राष्ट्रपति जे.डी. वेंस भारतको चार दिनको यात्रामा भोलि नयाँ दिल्ली आइपुग्नु हुनेछ। यो श्री वेंसको पहिलो भारत यात्रा हुनेछ। श्री वेंस भोलि प्रधानमंत्री नरेंद्र मोदीसित भेट गर्नु हुनेछ। उहाँ जयपुर र आगरा पनि जानु हुनेछ। दुवै देशले आपसी सम्बन्धहरुमा प्रगतिको समीक्षा गर्नेछन्। दुवै पक्षले प्रधानमन्त्री श्री मोदीको अमरीका यात्राको समय यस वर्ष 13 फरवरीमा जारी भारत-अमेरिका संयुक्त वक्तव्यमाथि समीक्षा पनि गर्नेछन्। दुवै देशले आपसी हितको लागि क्षेत्रीय र वैश्विक मुद्दाहरुमा पनि विमर्श गर्नेछन्।

****** ० ******

**प्रधानमंत्री-सीएस दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि नयाँ दिल्लीमा 17 औ लोक सेवा दिवसमा लोक सेवकहरुलाई सम्बोधन गर्नु हुनेछ। श्री मोदीले लोक प्रशासनमा उत्कृष्टताको लागि 16 **प्रधानमन्त्री पुरस्कार पनि** प्रदान गर्नु हुनेछ। यो पुरस्कार जिल्लाहरुको समग्र विकास, आकांक्षी प्रखण्ड कार्यक्रम र नवाचारको श्रेणिमा दिइन्छ।

****** ० ******

**प्रधानमन्त्रीको साउदी भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी २२ अप्रेलमा जेद्दाह पुग्नु हुनेछ जुन चार दशकमा भारतीय प्रधानमन्त्रीको पहिलो भ्रमण हुनेछ। यो भ्रमणले भारत-साउदी अरब सम्बन्धमा उल्लेखनीय परिवर्तनलाई दर्शाउँछ जुन सामान्य सुरुवातबाट आर्थिक, रक्षा र सांस्कृतिक सहयोग फैलिएको व्यापक रणनीतिक साझेदारीसम्म रहनेछ। यो भ्रमण विशेष गरी महत्त्वपूर्ण छ किनकि भारतीय प्रधानमन्त्रीहरूको विगतको भ्रमण रियादमा सीमित थियो। सन् १९८२ मा जेद्दाह भ्रमण गर्ने अन्तिम भारतीय प्रधानमन्त्री इन्दिरा गान्धी थिइन्। अहिले जेद्दाह साउदी अरबको दोस्रो ठूलो शहर हो, ऐतिहासिक हेजाज क्षेत्रमा लाल सागरको किनारमा रहेको एक प्रमुख व्यावसायिक केन्द्र हो। यसले इस्लामका दुई सबैभन्दा पवित्र शहरहरू मक्का र मदीनाको प्रवेशद्वारको रूपमा पनि काम गर्दछ।

**बाइट**

**राष्ट्रपति – प्रधानमन्त्री र मुख्यमन्त्री - भवन**

राष्ट्रपति द्रौपदी मुर्मुले उत्तर पूर्वी दिल्लीको दयालपुर क्षेत्रमा भवन भत्किँदा भएको मृत्युप्रति समवेदना व्यक्त गर्नु हुँदै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै राष्ट्रपतिले भन्नु भयो, "दिल्लीको

मुस्तफाबादमा भवन भत्किने दुर्भाग्यपूर्ण घटनामा बालबालिका र महिलासहित धेरैको मृत्यु भएको खबर अत्यन्तै दुखद छ। म सबै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको लागि प्रार्थना गर्दछु।"प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै आफ्ना प्रियजन गुमाउनेहरूप्रति समवेदना व्यक्त गर्नु भएको छ। उहाँले घाइतेहरू चाँडै निको हुने आशा व्यक्त गर्नु भयो। प्रधानमन्त्रीले स्थानीय प्रशासनले प्रभावित मानिसहरूलाई सहयोग गरिरहेको बताउनु भयो। श्री मोदीले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट मृतकका परिवारलाई प्रतिव्यक्ति २ लाख रुपियाँ र घाइतेहरूलाई प्रति व्यक्ति पचास हजार रुपियाँ सहयोग गर्ने घोषणा गर्नुभयो।दिल्लीको मुस्तफावाद क्षेत्रमा हिजो चार तले भवन भत्किँदा एघारजनाको मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन्। यसबाहेक, छजना घाइते उपचारपछि डिस्चार्ज भएका छन्। दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले घटनाप्रति समवेदना व्यक्त गर्नु हुँदै यस विषयमा अनुसन्धान गर्न आदेश दिनु भएको छ। उहाँले यस घटनाका दोषीहरूमाथि कडा कारबाही गरिने बताउनु भयो। श्रीमती गुप्ताले सबै घाइतेहरूको उपचारको व्यवस्था गरिएको पनि जानकारी दिनु भयो। यसबाहेक, मुख्यमन्त्रीले सबै नियमलाई बेवास्ता गरेर यस्ता घरहरू बनाइँदै गरेको बताउनु भएको छ। उहाँले भन्नु भयो, सम्पूर्ण शहरमा रहेका त्यस्ता सबै घरहरू विरुद्ध कारबाही गरिनेछ।

**बाइट**

****** ० ******

## अमरीका-ईरान वार्ता

इटलीको राजधानी रोममा, अमरीका र ईरान बीच परमाणु वार्ताको दोस्रो दौर संपन्न भेकोछ। ईरानका विदेश मंत्री अब्बास अरागचीला भन्नु भएकोछ - कुराकानीमा प्रगति ङईरहेकोछ तथा दुवै पक्ष केहि विषयहरूमा सहमत भएका छन्। एक सोशल मीडिया पोस्टमा उहाँले भन्नु भयो - सकारात्मक माहौलले गर्दा संभावित समझौता विषयमा प्रगति भएकोछ। अमरीकामा ट्रम्प प्रशासनले पनि यस वार्तामा दुवै पक्ष बीच राम्रो प्रगति भएको बताएकोछ।

****** ० ******

## पश्चिम बंगाल राज्यपाल

पश्चिम बंगालका राज्यपाल डा.सी.बी.आनन्द बोसले भन्नु भएकोछ – उहाँले मुर्शीदाबादमा वक्फ कानूनको आड़मा भएको हिन्साका घटनाहरू राज्यकी मुख्यमंत्री ममता बनर्जी समक्ष उठाउनु हुनेछ तथा आफूले हिन्सा ग्रस्त इलाका अनि पीडित व्यक्तिहरूसित भेट गरी जुन वास्तवीक जानकारीहरू लिनु भएकोछ अनि उत्पन्न गम्भीर स्थितिबारे एउटा विस्तृत रिपोर्ट पनि केन्द्र सरकारलाई पठाउनु हुनेछ। हिन्साग्रस्त मुर्शीदाबाद जिल्लाको भ्रमण पछि कोलकाता फर्केर मीडियासित कुराकानी गर्दै डा,बोसले सो कुरा भन्नु भयो। उहाँले मीडियालाई यो पनि भन्नु भयो हिन्साका शिकार मानिहरूसितको कुराकानीमा उनीहरूमाथि क्रूर र जघन्य हमाल गरिको जानाकरी पाउनु भयो।

............बाईट सी.बी. आनन्द बोस.................

सभ्य समाजमा यस्ता हमलाहरू कसैगरि स्वीकार गर्न नसकिने उहाँले भन्नु भयो। उहाँले यो क्रूर र जघन्य हमलाहरू तथा कानून व्यवस्था पूर्णरूपले विफल भएको कूरा मुख्यमंत्री तथा केन्द्र सरकार समक्ष उठाउनु हुने विषयलाई दोहर्याउनु भयो। उहाँले यो पनि भन्नु भयो मानिसहरूको ज्यानमालको रक्षा र सुरक्षा गर्ने उत्तरदायित्व दूवै राज्य तथा केन्दर सरकारको हो। उहाँले यो पनि भन्नु भयो केन्द्रीय बलहरूको तैनाती पछि त्याहाँ स्थितिमा धेरै सुधार आएकोछ।

****** ० ******

## वैष्णव - वेब्स

सूचना तथा प्रसारण मंत्री अश्विनी वैष्णवले भन्नु भएकोछ – मीडियाका लागि विषयवस्तु तैयार गर्ने मानिसहरू अनि उनिहरूको अर्थव्यवस्थामा पूरै परिवर्तन भईरहेकोछ। वर्ल्ड ऑडियो विजुअल एंड एंटरटेनमेंट समिट (वेव्स) भन्दा अघि श्री वैष्णवले नयाँ दिल्लीमा एक संवाददाता सम्मेलनलाई संबोधित गर्दै भन्नु भयो - प्रौद्योगिकी सित पुरानो मोडलले नयाँ मोडललाई बाटो देखाईरहेकोछ अनि नयाँ अवसरहरूका साथमा नयाँ चुनौतिहरू पनि पेश गरि रहेकोछ। उहाँले जोर दिन्दै भन्नु भयो वेब्स विश्व स्तरमा विषय वस्तु तैयार गर्नेहरू, खरीददार गर्नेहरू अनि बाजारका लागि एउटा सम्पर्कको रूपमा उदित भइरहेकोछ। उहाँले अझ भन्नु भयो - देशलाई एटा नयाँ मोडलका लागि सामूहिक रूपमा तैयार हुने खाँचो छ। उहाँले भन्नु भयो वेव्य अर्थव्यवस्था तेज गतिले अघि बढी रहोकोछ।

****** ० ******

**मध्यप्रदेश-चीता पुनर्वास**

मध्यप्रदेशको कुनो राष्ट्रीय उद्यान बाट दुइवटा चितुवा आज मन्दसौरको गांधी सागर वन्यजीव अभयारण्यमा स्थानान्तरित गरिनेछ। यो निर्णय गर्मीमा पानीको उपलब्धता, क्वारेन्टाइनको सुविधा, सुरक्षित घेराहरू र निगरानी प्रणालीको आकलन गरिएपछि लिएको हो। कुनो राष्ट्रीय उद्यानमा यस समय 26 चितुवाहरू छन् जबकि यसको क्षमता 20 से 24 चितुवाहरुको छ।

****** ० ******

**शिव छत्रपति राज्य खेल पुरस्कार**

गिरिप्रेमीका प्रसिद्ध पर्वतारोही कृष्ण ढोकलेलाई महाराष्ट्र सरकारले २०२२-२३ को लागि प्रतिष्ठित शिव छत्रपति राज्य खेलकुद पुरस्कार प्रदान गरेको छ। यो भूमि-आधारित साहसिक खेलकुदको क्षेत्रमा राज्य-स्तरीय सर्वोच्च मान्यता पुरस्कार हो। हिजो साँझ पुणेको बालेवाडीस्थित शिव छत्रपति खेलकुद परिसरमा मुख्यमन्त्री देवेन्द्र फडणवीसले उनलाई यो पुरस्कार प्रदान गर्नुभयो। ढोक्ले २३ वर्षभन्दा बढी समयदेखि पर्वतारोहणको क्षेत्रमा सक्रिय रूपमा संलग्न छन्।

****** ० ******

**आईपीएल क्रिकेट**

जयपुरको सवाई मानसिंह स्टेडियममामा हिजो राति भएको आईपीएल टी-२० क्रिकेटमा लखनऊ सुपर जायन्ट्सले राजस्थान रोयल्सलाई दुई रनले पराजित गरेको छ। १८१ रनको लक्ष्य पछयाउँदै राजस्थान रोयल्सले निर्धारित बीस ओभरमा पाँच विकेट गुमाउँदै १७८ रन बनायो। राजस्थान रोयल्सका लागि यशस्वी जैसवालले ७४ रन बनाए। लखनऊ सुपर जायन्ट्सका लागि आवेश खानले तीन विकेट लिए भने शार्दुल ठाकुर र एडेन मार्करामले एक-एक विकेट लिए। अवेश खान खेलको प्लेयर अफ द म्याच घोषित भए। यसअघि लखनउ सुपर जायन्ट्सले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो। पहिले ब्याटिङ गर्दै लखनउ सुपर जायन्ट्सले पाँच विकेट गुमाएर १८० रन बनायो। एडेन मार्क्रमले ६६ रन बनाए भने आयुष बदोनीले ५० रन बनाए। अब्दुल समदले पनि अविजित ३० रन बनाए। राजस्थान रोयल्सका लागि वानिन्दु हसरंगाले दुई विकेट लिए भने जोफ्रा आर्चर, सन्दीप शर्मा र तुषार देशपाण्डेले एक-एक विकेट लिए। यसअघि, अर्को खेलमा गुजरात टाइटन्सले अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा भएको खेलमा दिल्ली क्यापिटल्सलाई ७ विकेटले पराजित गरेको थियो। गुजरातका लागि जोस बटलरले अविजित ९७ रन बनाए। पहिले ब्याटिङ गर्दै दिल्ली क्यापिटल्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर २०३ रन बनाएको थियो। यो जितसँगै गुजरात टाइटन्स प्रतियोगिताको अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ भने दिल्ली क्यापिटल्स दोस्रो स्थानमा झरेको छ। आज पञ्जाब किंग्सले चण्डीगढमा दिउँसो ३:३० बजे रोयल च्यालेन्जर्स बैंगलोरसँग खेल्नेछ भने मुम्बई इन्डियन्सले साँझ ७:३० बजे मुम्बईमा चेन्नई सुपर किंग्ससँग खेल्नेछ।

****** ० ******